# प्रदेश बीमा सम्बन्धी विधेयक तर्जुमा गर्न बनेको अवधारणापत्र

## १. नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः

१.१ नेपालको संविधान जारी भई सङ्घीयताका आधारमा मुलुकको शासकीय व्यवस्था सञ्चालन हुने संवैधानिक मार्गनिर्देश रहेको छ र नेपालको संविधानको अनुसूची-७ मा बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन सङ्घ र प्रदेशको साझा अधिकार सूचीमा रहेको छ।

१.२ नेपालको संविधानको अनुसूची-७ मा रहेको उल्लिखित बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन सम्बन्धी साझा अधिकारको कार्यान्वयनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७३ माघ १८ मा स्वीकृत भएको **कार्यविस्तृतीकरण प्रतिवेदन, २०७३** अनुसार प्रदेश सरकारको १. बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन र नियमन, २. बीमा व्यवसायको प्रवर्द्धन तथा विस्तार बीमा सम्बन्धी कार्यहरु प्रदेश सरकारको क्षेत्राधिकारभित्र राखेको देखिन्छ।

१.३ कार्यविस्तृतीकरण प्रतिवेदन, २०७३ का बिषय कार्यान्वयन गर्न कोशी प्रदेश सरकारका वार्षिक नीति तथा कार्यक्रममा बीमाका सिद्धान्त अनुसार नागरिकका लागि सेवा प्रवाह गर्ने प्रतिवद्धता जाहेर गरिएका छन्। कोशी प्रदेश सरकारका आवधिक योजनामा समेत संवैधानिक तथा नीतिगत व्यवस्था कार्यान्वयनका लागि रणनीतिक योजनाका बीमा सम्बन्धी कार्यनीति तथा कार्ययोजना पारित भई बीमा विकासका लागि कानूनी व्यवस्था गर्ने गरी कोशी प्रदेश सरकारका निकायबाट प्रतिबद्धता व्यक्त गरिएका छन्।

१.४ नेपालको संविधान तथा कार्यविस्तृतीकरण प्रतिवेदनका विषयले परिलक्षित गरेको बीमा सम्बन्धी विषयलाई प्रदेश सरकारबाट गरिने कार्यकारी आदेशबाट मात्र सम्भव हुन सक्ने देखिँदैन र यसका लागि कानून पारित गर्ने निकाय प्रदेश सभाबाट कानून जारी गर्नु पर्ने देखिन्छ। संवैधानिक व्यवस्था अनुसार यस प्रकारका कानून जारी गर्न विधेयकको तर्जुमा गर्नु पर्ने देखिन्छ र विधेयकको मसौदा गर्ने निकायका रुपमा नेपाल सरकार तथा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको प्रारम्भिक भूमिका रहने देखिन्छ।

१.५ कुनै भवितव्य/विपद् वा अनिश्चितताबाट भविष्यमा हुने सम्भावित आर्थिक नोक्सानी वा जोखिम कम गरी व्यक्ति वा सम्पत्तीको आर्थिक सुरक्षा गर्न, भौतिक सम्पत्तीको सुरक्षा गर्न, भविष्य सुनिश्चित गर्न, बचत र लगानीको वातावरण सिर्जना गर्न, कानूनी अनिवार्यता र दायित्व पुरा गर्न, सामाजिक सुरक्षा एवं गरिबी न्यूनीकरण गर्न, बीमाको पहुँच विस्तार गर्न र बीमा क्षेत्रलाई सर्वसुलभ, व्यवस्थित एवम् नियमित बनाउन

प्रदेश बीमा सम्बन्धी कानूनको आवश्यकता भएको हो। यस सम्बन्धमा बिधेयकको मसौदा निर्माणका लागि देहाय अनुसारका व्यवस्था समेतले आवश्यकता निर्धारण गरेकाले सिद्धान्त स्वीकृति लिनु पर्ने देखिन्छ।

**(क)** नेपालको संविधानको अनुसूची-७ मा बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन सङ्घ र प्रदेशको साझा अधिकार सूचीमा रहेको छ, भने धारा ५१ (ज) मा नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्ने उल्लेख रहेको छ। नेपालको संविधानमा उल्लेख भएका सङ्घ, प्रदेश र स्थानीय तहको कार्य तथा अधिकारलाई थप विस्तृतिकरण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७३ माघ १८ मा स्वीकृत भएको।

**(ख)** कार्यविस्तृतीकरण प्रतिवेदन, २०७३ अनुसार प्रदेश सरकारको बीमा सम्बन्धी कार्यहरु देहाय बमोजिम रहेका छन्:-

१. बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन र नियमन,

२. बीमा व्यवसायको प्रवर्द्धन तथा विस्तार।

यसका साथै प्रदेश बीमा सम्बन्धी कानून बनेपछि नेपालको संविधानमा उल्लेख भएको सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, आवासको हक लगायतका मौलिक हकको प्रत्याभूति तथा राज्यका नीतिहरुको कार्यान्वयनमा समेत सहयोग पुग्नेछ।

**(ग) प्रदेश सरकारको नीति, योजना, गुरु योजना तथा निर्णयः**

१. कोशी प्रदेशको दोस्रो आवधिक योजना (आ.व.२०८१/८२-२०८५/८६) को परिच्छेद-४ (४.४.६) मा बीमा सम्बन्धी नीति तथा कानून तर्जुमा गर्ने र सचेतनामूलक कार्यक्रमहरु कार्यान्वयन ल्याइने, बीमा विस्तार कार्यक्रम सञ्चालन गर्ने उल्लेख रहेको छ।

२. प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७९ को अनुसूची-२ को बुँदा नं. ३(२२) अनुसार **बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन गर्ने** कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयले सम्पादन गर्ने उल्लेख छ।

**(घ) नेपाल सरकारको नीति, योजना, वा कुनै निर्णयले प्रदेशको क्षेत्राधिकार पर्ने विषयः**

बीमा व्यवसाय सञ्चालन तथा व्यवस्थापनको लागि बनेको **"बीमा ऐन, २०७९"** को दफा १३१ मा प्रदेशले यस ऐनको अधीनमा रही देहायको विषयमा कानून बनाई बीमा सञ्चालन र व्यवस्थापन गर्न सक्ने प्रावधान रहेको छः-

१. बीमाको पहुँच पुऱ्याउने,

२. बीमा अभिकर्ताको लागि तोकिए बमोजिम इजाजतपत्र जारी तथा नवीकरण गर्ने,

३. बीमा सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्ने,

४. तोकिएको विषयमा गुनासो सुनुवाई गर्ने।

**(ङ) अन्तर्राष्ट्रीय दायित्वः X**

**(च) अदालतको फैसलाः**

सर्वोच्च अदालतले नागरिकको स्वास्थ्य बीमामा पहुँच सुनिश्चित गर्न, औषधि उपचारलाई सरल बनाउन र अनौपचारिक क्षेत्रका श्रमिक तथा शेर्पाहरूको सामाजिक सुरक्षा र दुर्घटना जोखिमलाई सम्बोधन गर्न सरकारका नाममा विभिन्न नीतिगत तथा निर्देशनात्मक आदेशहरू जारी गरेको छ।

**२. नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धीः**

२.१ संवैधानिक व्यवस्था अनुसार प्रदेश ऐन जारी हुने र सङ्घीयता कार्यान्वयनमा योगदान पुग्ने,

२.२ बीमा व्यवसायको प्रवर्द्धन र विस्तार गर्न सङ्घ र स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्न सहज हुने आदि।

**३. प्रस्तावित विषयमा मौजुदा कानून भए वा नभएको विषयः**

प्रस्तुत विषयमा केन्द्रीय ऐनको रुपमा बीमा ऐन, २०७९ भए तापनि कोशी प्रदेशमा बीमा सम्बन्धी कुनै कानून नभएको।

**४. मौजुदा कानून संशधोधन गरी सो उपलब्धी हासिल गर्न नसक्ने भए सोको कारणः**

प्रस्तुत विषयमा कोशी प्रदेशमा बीमा सम्बन्धी कुनै कानून नभएको।

**५. प्रस्तावित विषयमा प्रदेश सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विध (मेथड) बाट तर्जुमा भएको होः**

प्रस्तुत विषयमा सङ्घीय सरकारबाट राष्ट्रिय बीमा नीति, २०८० जारी भए तापनि कोशी प्रदेश सरकारबाट बीमा सम्बन्धमा कुनै नीति जारी नभएको।

**६. नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारीः X**

**७. प्रस्तुत विषयमा सङ्घ वा अन्य प्रदेशमा कुनै कानून बनेको वा कुनै संस्थाले नमूना कानून बनाएको भए त्यस्तो कानूनको नामः**

बीमा ऐन, २०७९ *(संघीय संसदले बनाएको ऐन मिति २०७९/०६/२३ मा प्रमाणिकरण भएको)*

**८. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः X**

**९. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः**

प्रस्तावित कानून कार्यान्वयन गर्न प्रदेश सरकारलाई थप आर्थिक व्ययभार पर्ने। वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन गरिए बमोजिम खर्च हुने भएकाले वार्षिक व्ययभार अनुमान गर्न नसकिने।

**१०. प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः**

प्रदेश सरकारको हालको मौजुदा सङ्गठन संरचनालाई नै जिम्मेवारी दिई प्रस्तावित कानून कार्यान्वयन गर्न सकिने भएकाले थप संरचना आवश्यक नपर्ने।

**११. प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएकोः X**

**१२. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्यम विषयहरुः**

(क) प्रदेशभित्रका विपन्न नगरिक, कृषक तथा अनौपचारिक क्षेत्रका श्रमिकहरूको आर्थिक जोखिम न्यूनीकरणका लागि बीमा गर्ने विषय,

(ख) कृषि, स्वास्थ्य, जीवन तथा निर्जीवन लघुबीमाको पहुँच ग्रामीण तहसम्म पुऱ्याउने विषय,

(ग) बीमा सम्बन्धी प्रवर्द्धन तथा सचेतना कार्यक्रमलाई व्यवस्थित गर्ने विषय,

(घ) बीमालाई नियमित अभ्यास वा अनिवार्य दायित्वको रुपमा स्वीकार गर्ने वातावरण सिर्जना गर्ने विषय,

(ङ) बीमा अभिकर्ताको लागि तोकिए बमोजिम इजाजतपत्र जारी तथा नवीकरण गर्ने,

(च) सङ्घीय निकाय तथा स्थानीय तहसँग समन्वय गरिने विषय,

(छ) प्रदेश बीमा प्रवर्द्धन तथा समन्वय परिषदको गठन सम्बन्धी विषय,

(ज) नागरिकको सामूहिक दुर्घटनाको बीमा सम्बन्धी विषय,

(झ) कृषि तथा पशु बीमामा थप प्रादेशिक सहुलियत सम्बन्धी विषय,

(ञ) बीमा साक्षरता सम्बन्धी विषय, र

(ट) अन्य विविध विषय।